मिति २०८२/१०/०७ गते बसेको कार्यालय प्रमुखहरुको बैठकको निर्णयहरु:

१. श्री गृह मन्त्रालय, योजना, अनुगमन तथा मूल्याङ्कन शाखाको च.नं. २५०, २०८२/०९/०८ को विभिन्न राष्ट्र वा दातृ संस्थाहरुबाट अर्थ मन्त्रालयको सहमति वा सम्झौता पछि प्राप्त वैदेशिक साहायता स्वरुप प्राप्त, सेवा तथा अन्य सहायत पैठारी गर्दा लाग्ने सम्पूर्ण खर्च पैठारी कर्ताले व्यहोर्ने सम्बन्धी पत्र बैठकमा अवगत भयो ।

२. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२/०७/१७ को निर्णयानुसार यस जिल्लाको करदाता सेवा कार्यालयबाट सम्पादन हुँदै आएको सेवाहरु मिति २०८२/०९/२२ गतेबाट कोष तथा लेखा नियन्त्रकको कार्यालय ओखलढुंगाबाट शुरु भएको व्यहोरा बैठककमा अवगत भयो ।

३. बिग्रिएर चालु अवस्थामा नरहेका सवारी साधनहरु, मेसिनरी उपकरणहरु लगायत विद्युतीय सामाग्रीहरुको पाटपूर्जा हराएको, चोरी भएको गुनासोहरु आएकोले मर्मत हुन नसक्ने त्यस्ता सामाग्रीहरु सुरक्षित राखी नियमानुसार लिलामी गरी आम्दानी बाँध्ने ।

४. निर्वाचनमा सुरक्षा प्रयोजनको लागि आवश्यक पर्ने चारपाङ्ग्रे सवारी साधनहरु जिल्लास्थित कार्यालयहरुले मर्मत गराउनुपर्ने भए गराई तयारी अवस्थामा राख्ने ।

५. प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्न निर्वाचन आचारसंहिता -२०८२ लाई पूर्ण रुपमा पालना गर्ने गराउने । स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्यहरु गर्दा आचारसंहिता विपरित नहुने गरी गर्नेतर्फ कार्यालय प्रमुखहरु सचेत रहने ।

६. जिल्ला निर्वाचन कार्यालय, ओखलढुंगाको च.नं. ७२, मिति २०८२/०९/१६ र च.नं. ७७, मिति २०८२/०९/२३ को पत्रबाट माग भएको कार्यालयमा कार्यरत कर्मचारीहरुको अस्थायी मतदाता नामावली विवरण र निर्वाचनमा खटाउन सकिने/नसकिने कर्मचारीहरुको विवरण समयमै जिल्ला निर्वाचन कार्यालयमा उपलब्ध गराउने।

७. जिल्लास्थित कार्यालय प्रमुख र मातहत कर्मचारीहरुले निर्वाचन अवधीभर अति आवश्यक कामकाजमा बाहेक काज, बिदामा नबस्ने, सरुवा नगर्ने, काज नपठाउने व्यवस्था कार्यालय प्रमुखले मिलाउने ।

८. आगामी प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउन सबै कार्यालयहरुले आ-आफ्नो जिम्मेवारी पुरा गर्ने ।

२०८२/१०/०७

मेख बहादुर मंग्राती
प्रमुख जिल्ला अधिकारी